श्री

उच्च अदालत जनकपुर

<u>संयुक्त इजलास</u>

इजलास नं. १

माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल

माननीय न्यायाधीश श्री ओम प्रसाद अर्याल

**<u>फैसला</u>**

निर्णयनं.-४१६

फौ.नं.-०८०-CS-०९५२

रजिष्ट्रेशन नः-३६-०७६-०२७१८

**मुद्दा : बालबिज्याई डाँका।**

शैलेन्द्र कुमार साह समेतको जाहेरीले नेपाल सरकार..................................१ } <u>पुनरावेदक</u> वादी

**विरुद्ध**

परिवर्तित नाम २०(च) १९४...........................................................१ } <u>प्रत्यर्थी</u> प्रतिवादी

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री धनुषा जिल्ला अदालत |
| कसूर ठहर गर्ने न्यायाधीश | मा.जि.न्या.श्री नारायणप्रसाद सुवेदी |
| सजाय निर्धारण गर्ने न्यायाधीश | मा.जि.न्या.श्री चुरामन खड्का |
| शुरु फैसला मिति | २०८०।१०।१८ |
| शुरू मुद्दा नम्बर | ०७६-C१-०३६९ |
| पुनरावेदन दर्ता मिति | २०८१।१२।०६ |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरी एको छः-**

**<u>तथ्य खण्ड</u>**

१. जिल्ला धनुषा, जनकपुरधाम उपमहानगरपालिका वडा नं ७ स्थित रामनारायण पाठकको जस्ताले छाएको बरण्डा भएको आठ वटा सटर भएको भूईतले घरको पूर्वबाट चौथो सटरमा अनिल कुमार यादवको कोल्ड स्टोर रहेको, सो कोल्ड स्टोरको अगाडि सटरमा

दुईवटा ताल्चा भाँचिएको र सो सटरको लक भाँचिएको, सटर खोली हेर्दा अगाडि ढोका नजिकै काउण्टर रहेको, सो काउण्टरको सेफहाउसको लक भाँचिएको अवस्थामा रहेको, सो सेफ हाउसनजिकै भुईमा रजिष्टर र विभिन्न किसिमका कागजहरु छरिएको अवस्थामा रहेको, उत्तर साईडको कुनामा रहेको ऱ्याकभित्र बिभिन्न किसिमका रक्सी र वियर लगायतका रक्सीका बोतल रहेको, उत्तर कुनाको ऱ्याकमा सिगनेचर रक्सी २ वटा रहेको, पेप्सी, किनफिनसर नामक फ्रिज रहेको र दक्षिण साईडको भित्तामा कोकाकोला लेखिएको फ्रिजमा वियर र पेय पदार्थहरु रहेको। पश्चिम साईडबाट तेस्रो नम्वरको सटरमा मुकेश कुमार शर्माको साह मोवाईल रिपेरिङ्ग सेन्टर पसल रहेको। सो पसलको लक र ताल्चा भाँचिएको अवस्थामा रहेको। सो सटर खोली हेर्दा ढोकानजिकै पश्चिम भित्तामा राखिएको काउण्टर रहेको। सो काउण्टरको सेफहाउस र सेफहाउस भन्दा तलको लकहरु भाँचिएको अवस्थामा रहेको। सोही नजिकै होम थिएटर, माउसहरु भुईमा तितरवितर अवस्थामा रहेको, ऱ्याकहरुमा बिभिन्न किसिमका मोवाईल, चार्जर मोवाईल खोलहरु, ब्याट्री, लाईटहरु राखिएको र झुण्डिएको अवस्थामा रहेको। उत्तर साईडको भित्तामा टाँसिने गरी टेबुलहरु रहेको। सो टेबुलमा मोवाईल मर्मत गर्ने सरसमान रहेको देखिएको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का।

२. जिल्ला धनुषा, जनकपुर उपमहानगरपालिका वडा नं. ७ स्थित पूर्वमा पशुपती साहको खाली जग्गा, पश्चिममा रंजित पूर्वेको पक्की घर, उत्तरमा बिजय पूर्वेको घर र दक्षिणमा बालुवाटोल जाने बाटो यति चार किल्लाभित्र अगाडि बरन्डा भई पूर्व मोहडा भएको बाँसको टाटीले बारिएको र जस्ताले छाएको शैलेन्द्र कुमार साहको दुई कोठे घर रहेको, सो घरको उत्तर साईडको कोठाको मूल ढोकाबाट प्रवेश गरी हेर्दा, ढोकानजिकै ग्याँसको सिलिन्डर रहेको, उत्तर कुनामा काठको टेबुल रहेको, सो टेबलमाथि टिनको बाकस रहेको, सो बाकस माथि राखेको अर्को बाकसमा सुन चाँदीका गरगहनाहरू, लत्ताकपडा र नगदसमेत रहेको, सो बाकस प्रतिवादी परिवर्तित नाम २०(च)१९४ समेतका मानिसहरूले चोरी गरी लिई भाग्दै गरेको अवस्थामा घरधनी शैलेन्द्रकुमार साहले थाहा पाई लखेटदै जाँदा प्रतिवादीहरूमध्येका परिवर्तित नाम २०(च)१९४लाई जाहेरवलाहरूको पसल र कोठाबाट चोरी गरेका गरगहनाहरू, लताकपडा, नगद सहित १०० मिटर दक्षिण ललित साहको फर्निचरमा फेला पारेको भन्नेसमेत घटनास्थल मुचुल्का।

३. जिल्ला धनुषा, जनकपुरधाम उपमहानगरपालिका वडा नं.७ स्थित ललित साहको फर्निचर उद्योग रहेको, सो उद्योगमा शैलेन्द्र कुमार साहको घरबाट ढोका फुटाई घरभित्र टेबुल माथि रहेको दुईवटा वाकसमध्ये सुन, चाँदी नगद तथा लता कपडा रहेको टिनको बाकस चोरी गरी प्रतिवादी परिवर्तित नाम २०(च)१९४ भाग्दै गरेको अवस्थामा शैलेन्द्र कुमार साहसमेतका मानिसहरुले थाहा पाई लखेटदै जाँदा सुनको जस्तो देखिने कानको टप-१ जोर, सुन जस्तो देखिने सानो हनुमानी १ पिस, सुन जस्तो देखिने नाकको फुली १ पिस, चाँदी जस्तो देखिने पाउजु २ जोर, चाँदी जस्तो देखिने २ वटा विछिया, नेपाली रु. ५०० को नोट थान १, सयको नोट २, वीसको नोट १३१, ५० को नोट ३, दशको

नोट १००, ५ को नोट ३५ गरी जम्मा नेपाली रु. ४,६४५/, भारतीय नोट ५०० र १०० को नोट १/१ थान, चाँदी जस्तो देखिने चन्द्रमा १ पिस, कालो रङ्गको मोवाईल थान १, लेडिज घडी, टिनको बकस र हरियो रङ्गको साडी थान २, रातो रङ्गको पेटिकोट थान १ र विमल लेखिएको कपडा थान १, सुन जस्तो देखिने मंगलसुत्र जस्तो माला थान १ सहित फेला पारी तत्कालै प्रहरीलाई खवर गर्दा प्रहरी टोली आई चोरी गरेको सरसमानहरु बरामद गरी निजलाई पक्राउ गरी लगेको भन्नेसमेत व्यहोराको खानतलासी बरामदी मुचुल्का।

४. मिति २०७६।११।१९ गते विहान राति १:३० बजेको समयमा जिल्ला धनुषा जनकपुरधाम उप-महानगरपालिका वडा नं. ७ बस्ने शैलेन्द्र कुमार साहको घर, रामनारायण पाठकको घर, अनिल कुमार यादवले संचालन गरेको पसल र मुकेश कुमार शर्माले संचालन गरेको मोवाईल रिपेरिङ्ग सेन्टरसमेतको सटरको ताल्चा, लक तोडी फुटाई नगद तथा सुनचाँदीका गरगहना लत्ताकपडा लगायतका सरसामानहरु रातीको समयमा चोरी गरी शैलेन्द्रकुमारको घरबाट चोरी गरेको टिनको बक्सामा राखी भाग्दै गरेको अवस्था शैलेन्द्र कुमार साहसमेतका मानिसहरुले थाहा पाई लखेट्दै जाँदा शैलेन्द्र कुमार साहको घरबाट १०० मिटर दक्षिणमा रहेको ललित साहको फर्निचर नजिकै फेला पारी बरामदी मुचुल्कामा उल्लेखित सामान सहितको टिनको बाकससमेत फेला परी परिवर्तित नाम २०(च)१९४ लाई पक्राउ गरी बरामद समानहरु शैलेन्द्र कुमार साहको घर र यादव कोल्ड स्टोरबाटसमेत चोरी गरी ल्याएको बताएपछि निजलाई पक्राउ गरी कारवाहीको लागि दाखिला गरेको भन्नेसमेत प्रहरी प्रतिवेदन।

५. मिति २०७६।११।१९ गते राती खाना खाई म जाहेरवाला लगायत मेरो श्रीमती तथा बच्चाहरु एउटा कोठामा सुत्न गएको र अर्को कोठाको ढोका बन्द गरी सुतिरहेकोमा सोही राती अं. १:३० बजेको समयमा विरुद्ध खण्डका प्रतिवादीहरुसमेत भई अर्को कोठाको ढोका फुटाई कोठाभित्र प्रवेश गरी सोही कोठाको टेबुलमाथि रहेको टिनको बाक्सा बोकी चोरी गरी भाग्न खोजेकोमा बाक्सा भुईमा झर्न गई आबाज आउँदा म जाहेरवालाले थाहा पाई ओछ्यानबाट उठी हेर्न जाँदा प्रतिवादी परिवर्तित नाम २०(च)१९४ समेत बाक्सासहित कोठाबाट निस्की भागी रहेकोमा म जाहेरवालाले तत्कालै हल्ला गर्दा अन्य टोल छिमेकका मानिसहरुसमेत उठी आएको र प्रतिवादीहरुलाई लखेट्दै जाँदा म जाहेरवालाको घर अगाडि सार्वजनिक सडकमा प्रतिवादी परिवर्तित नाम २०(च)१९४ लाई घटनास्थलमै समातेको हो। प्रतिवादीले मेरो बाकसमा रहेको सुनको कानको टप १ जोर, सुनको हुनमानी १ पिस, सुनको नाकको फुली १ जोर, चाँदी पाउजु ३ जोर, चाँदीको विछिया थान २, चाँदीको चन्द्रमा थान १, सुनको मंगलसुत्र थान १, कालो रङ्गको Black Berry कम्पनीको मोवाईल थान १, लेडिज घडी थान १, टिनको बक्सा र हरियो रँगको साडी थान २, रातो रङ्गको पेटिकोट थान १, भा.रु. ५००/- को नोट थान १ र अन्य लत्ता कपडासमेत चोरी गरी भागिरहेकोमा लखेटी समाती प्रहरीलाई खवर गरेकोमा प्रहरी आई प्रतिवादीलाई समाती लगेको हुँदा

प्रतिवादीहरुलाई कारवाही गरी चोरी गरेको धनमाल फिर्ता दिलाई भराई पाउ भन्नेसमेत व्यहोराको शैलेन्द्र कुमार साहको जाहेरी दरखास्त।

६. मिति २०७६।११।१९ गते बेलुका २१:०० बजेको समयमा पसल बन्द गरी आफ्नो डेरा कोठामा गएको अवस्थामा मौका छोपी प्रतिवादीहरु परिवर्तित नाम २०(च)१९४ समेत भई मेरो पसलको सटरमा लागेको ताल्चा तोडी भाँची पसलभित्र प्रवेश गरी पसलमा रहेको टुवर्ग स्टोरङ्ग वियर एक कार्टुन, ब्ल्याक चेरी नामको मदिरा १ कार्टुन, रेड सिग्नेचर नामको मदिरा १००० एमएल को ९९ पिस, सोही पसलको काउन्टरमा रहेको लकसमेत तोडी भाँची सो काउन्टरभित्र रहेको नेपाली नगद रु. २,४५,०००/- र बहिखाता थान १ समेत चोरी गरी भागेकोमा सोही राती पुनः जिल्ला धनुषा, जनकपुर उप-महानगरपालिका वडा नं.७ स्थित शैलेन्द्रकुमार साहको घरमासमेत बिभिन्न धनमालहरु चोरी गरी भाग्दै गरेको अवस्थामा पक्राउ परेको हुँदा निज प्रतिवादीबाट अन्य प्रतिवादीहरुको नाम, थर, वतन खुलाई निजहरुलाईसमेत पक्राउ गरी कारवाही गरी पाउँ भन्नेसमेत व्यहोराको अनिल कुमार यादवको जाहेरी दरखास्त।

७. म जाहेरवालाले जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं. ७ भ्रमरपुरा चौक स्थित रामनारायण पाठकको घरमा कोठा भाडा लिई शाह मोवाईल रिपेरिङ्ग सेन्टर नामको पसल संचालन गरी बस्दै आईरहेको छु। मिति २०७६।११।१९ गते बेलुका २१:०० बजेको समयमा पसल बन्द गरी आफ्नो डेरा कोठामा गएको मौका छोपी प्रतिवादीहरु परिवर्तित नाम २०(च)१९४ समेत भई मेरो पसलको सटरमा लागेको ताल्चा तोडी भाँची, पसलभित्र प्रवेश गरी पसलमा काउन्टरमाथि रहेको डेल कम्पनीको २२ इन्चको ल्यापटप थान १ र सो काउन्टरको लकसमेत तोडी भाँची काउन्टरभित्र रहेको नगद रु. २०,०००/- समेत चोरी गरी भागेकोमा सोही राती पुनः जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका वडा नं. ७ स्थित रहेको शैलेन्द्र कुमार साहको घरमासमेत धनमालहरु चोरी गरी भाग्दै गरेको अवस्थामा प्रतिवादी परिवर्तित नाम २०(च)१९४ पक्राउ परेको हुँदा प्रतिवादीबाट अन्य प्रतिवादीहरुको नाम खुलाई कारवाही गरी चोरी गरी लगेको धनमालसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको मुकेश कुमार शर्माको जाहेरी दरखास्त।

८. सुनजस्तो देखिने कानको टप १ जोर थान २, सुनजस्तो देखिने सानो हनुमानी १ थान, सुनजस्तो देखिन नाकको फुली थान १, चाँदीजस्तो देखिने पाउजु ३ जोर थान ६, चाँदी जस्तो देखिने विछिया १ जोर थान २, नेपाली रु. ५०० को नोट थान १, चन्द्रमा थान १, कालो रंगको स्क्रीन टच मोवाईल थान १, लेडिज घडी थान १, टिनको बाकस र सो बाक्सा भित्र रातो रंगको साडी सेट १, हरियो रङ्गको साडी सेट १, रातो रंगको पेटिकोट र भिमल लेखिएको ब्लाउज कपडा पिस १, सुन जस्तो देखिने मंगल सूत्र माला थान १ र भारतीय नोट रु. ५००/- थान १ म शैलेन्द्र कुमार साहको घरबाट चोरी भएको सरसामानहरु हो। नेपाली १०० को नोट थान २, ५० को नोट थान ३, २० को नोट थान १३१, १० को नोट थान १०० म अनिल यादवको यादव कोल्ड

स्टोरको सेफ हाउसको काउन्टरमा राखेको रकम हो। ५ को नोट ३५ थान, भारतीय नोट सयको थान १ र नेपाली १०० को नोट थान १ म मुकेश कुमार शर्माले आफ्नो साह मोवाईल रिपेरिङ्ग सेन्टरको सेफ हाउसमा काउण्टरमा राखेको रकम हो भनी हेरी चिन्ही मुकेश कुमार शर्माले गरेको सनाखन कागज।

९. मिति २०७६।११।१८ गते अं.१२:०० बजेको समयामा म आफ्नो डेरा कोठामा बसी रहँदा नाम, थर, वतन थाहा नभएको लियाकत राईन भनी चिन्ने, अक्रम, संजय भनी चिन्ने व्यक्तिहरू आई मलाई रू.१०००/- दिई भारतबाट लागूऔषध नाईट्राभेट ल्याईदिनुहोला भनेपछि मैले जनकपुरको बसपार्कमा गई जनकपुरबाट भिठामोड चल्ने बसमा चढी गई महोत्तरीको भिठामोडमा बसबाट ओर्ली भारतको भिठामोड भन्ने ठाउँमा जाँदा पहिलादेखि लागूऔषध किनी ल्याई बिक्री गर्ने गरेको पसल बन्द रहेकोले मैले लागूऔषध नलिई बसमा चढी जनकपुरमा आएँ। खाजा नास्ता खाँदा निजहरूले दिएको रकम सकियो। निजहरूले लागूऔषध वा हामीसँग लिएको रकम देउ भनी माग्दा मसँग अहिले रकम छैन, भोलि तपाईहरूलाई जहाँबाट भए पनि ल्याईदिउँला भने। निजहरूले होईन आज हामीलाई चाहिन्छ भनी नमानेपछि मैले लियाकत राईन, अक्रम र संजयलाई तपाईहरू चोरी गर्न हिंडनुहुन्छ, मैले भ्रमरपुरा चोकभन्दा केही अगाडि बिस्पिटी जाने बाटोमा रहेको जाहेरवाला अनिल कुमार यादवले संचालन गरेको यादव कोल्ड स्टोर र मुकेश शर्माले संचालन गरेको साह मोबाईल रिपेरिङ्ग सेन्टरमा मोटो रकम राखेको थाहा पाएका छु, म देखाई दिन्छु भनें। नजिकै रहेको चिरान मिलबाट हथौडा र पेचकस लगायतका तल्चा फुटाउने सामग्री मैले ल्याईदिएपछि निजहरूले यादव कोल्ड स्टोरको ताल्चाको लक फुटाई दिए। यादव कोल्ड स्टोरभित्र म प्रवेश गरी सेफहाउसको लक फुटाई हेर्दा सेफहाउस काउन्टरमा रु.१००।—को नोट थान २, पचासको नोट थान ३, २० को नोट थान १३१ र १० को नोट थान १०० फेला परेकोमा सो रकम मैले आफ्नो खल्तिमा राखें। नजिकै रहेको साह मोबाईल रिपेरिङ्ग सेन्टरको सटरको लक, ताल्चा फुटाई प्रवेश गरी सेफहाउसको लक फुटाउँदा रू.५००।-को नोट थान १ र रू.५।-को नोट ३५ थान र भारतीय रू.१००।- को थान १ फेला परेकोमा सो रकम मैले आफ्नो पाईन्टको खल्तीमा राखेको र सोही काउन्टरमाथि राखेको ल्याप्टप मसँगै गएका अक्रम भन्नेले उठाएको हो। तत्पश्चात् मसँगै रहेका लियाकत र संजय भन्नेले अरू ठाउँमा चोरी गर्नुपर्छ भनी मलाई भनेपछि हुन्छ जाउँ भनी केही पर जाँदा जाहेरवाला शैलेन्द्र कुमार साहको बाँसको टाटी भएको घर रहेकोले खोल्न सजिलो हुन्छ भनी निजहरू बाटोमा बसी मलाई पठाएपछि मैले झ्यालबाट हात लगाई ढोकाको छिसकिली खोली प्रवेश गरी हेर्दा ढोकाको अगाडि खाटमा बच्चाहरू सुतिरहेको र उत्तर साईडको भितामा टेबुलमाथि २ ओटा टिनका बक्सा रहेकोमा सोमध्ये माथि रहेको बाक्सा निकाली बाहिर राखी मेरो खल्तिमा राखेको रकम बक्सामा राखी हिंडने क्रममा शैलेन्द्र कुमार साह उठी ढोका खोली पछाडिबाट लखेटदै जाँदा सोही नजिकै रहेको फर्निचरमा मलाई फेला पारी मलाई पक्राउ गरी बाक्सा र बाक्साभित्र रहेको सरसमानहरू बरामद गरी

जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याएको हो भन्नेसमेत ब्यहोराको अनुसन्धान अधिकारीसमक्षको परिवर्तित नाम २०(च)१९४ को बयान कागज।

१०. सुन जस्तो कानको टप १ जोरको रु.३३,३०८/-, सुन जस्तो हनुमानी १ को रु. ३,९९६/-, सुनको नाकको फुली चेन १ को रु. २,३९८/-, चाँदीको पाउजु ३ जोरको रु. ८,०९३/- चाँदीको चन्द्रमा १ पिसको रु. ६८/- सुन जस्तो देखिने मंगल सूत्र माला थान १ सुन नरहेको जम्मा मोल रु. ३९,७०२/- र चाँदीको जम्मा मोल रु. ८,५०३/- रहेको भन्नेसमेत व्यहोराको सुन चाँदी व्यवसायी संघको पत्र।

११. परिवर्तित नाम २०(च)१९४को उमेर १४-१६ वर्षको वीचमा रहेको भन्नेसमेत व्यहोराको प्रतिवादीको उमेर जाँच परीक्षण प्रतिवेदन।

१२. मेरो घर र जाहेरवलाहरूको घर पसलहरू ओल्लोपल्लो रहेकोले निजहरूसँग मेरो चिनजान रहेको छ। मिति २०७६।११।१९ गते राती अं.१ः३० बजेको समयमा म आफ्नै घरमा थिएँ। सोही समयमा एक्कासी जाहेरवला शैलेन्द्रकुमार साहले मेरो घरमा चोरी भएको र चोरहरू भागिरहेको छ भनी जोडले कराउँदा मसमेतका मानिसहरू आफ्नो घरवाट निस्की आई हेर्दा ललित साहको फर्निचर पसलमा प्रतिवादी परिवर्तित नाम २०(च)१९४लाई शैलेन्द्र कुमार साहले समाती कराई रहेको र नजिकै जाहेरवालाहरूको घरबाट चोरी गरेका सरसमानहरू सहितको टिनको बक्सा रहेको देखी तत्कालै प्रहरी टोलीलाई खबर गर्दा प्रहरी टोली आई प्रतिवादी परिवर्तित नाम २०(च)१९४ले जाहेरवलाहरूको घर पसलबाट चोरी गरी ल्याएका सुन चाँदीका गरगहनाहरू तथा नगदसमेत बरामद गरी प्रतिवादी परिवर्तित नाम २०(च) १९४ लाई पक्राउ गरी लगेको मैले देखेको हुँ। निजलाई कानूनबमोजिम कडा भन्दा कडा कारवाही गरी जाहेरवलाहरूको घरबाट चोरी गरेका सुन चाँदीका गरगहनाहरू तथा नगदसमेत दिलाई भराई पाउँ भन्नेसमेत ललित कुमार साह, नितेश कुमार साह र प्रदिप कुमार साहसमेतले गरेको घटना विवरण कागज।

१३. प्रतिवादी परिवर्तित नाम २०(च)१९४ लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (१) र (२) को (घ) बमोजिमको कसूर अपराधमा सोही संहिताको दफा २४४(३)(ख) बमोजिम हुने सजायमा बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३६(३) बमोजिम सजाय गरी पाउन र जाहेरवालाहरुले सनाखत गरेको बरामदी मुचुल्कामा उल्लेखित नगद तथा धनमालहरु दफा २४७ बमोजिम सम्बन्धित जाहेरवालाहरु शैलेन्द्र कुमार साह, अनिल कुमार यादव र मुकेश कुमार शर्मालाई दिलाई भराई नपुग विगोसमेत प्रतिवादीहरुबाट सम्बन्धित जाहेरवालाहरुलाई दिलाई भराई पाउन भन्नेसमेत व्यहोराको अभियोगपत्र।

१४. मिति २०७६।११।१९ गतेका दिन संजय कुमार साह र लियाकत भन्ने इलियाकत राईनसमेत हामी तीनै जना भारतको भिठामोडमा गई लागू औषध सेवन गरी आज चोरी गर्नुपर्छ भनी सल्लाह गरी चोरी भएको सटर नजिक रहेको चिरान मसिनबाट हथोडा ल्याई सटर तथा घरमा लगाएको ताल्चा इलियाकत तथा संजयले तोडी सटर तथा घरमा

भएको नगद गरगहना चोरी गरेको हो। म बाहिर हेरी राखेको थिएँ। चोरी गर्दाको अवस्थामा जाहेरवालाहरुले थाहा पाई हल्लाखल्ला हुँदा प्रतिवादी इलियाकत र संजयले समानहरु छाडी भागी गएको हो। म नसाको झोकमा त्यही बसी राखेको थिएँ। चोरी भएको समान मबाट बरामद भएको होइन। मैले चोरी गरेको होइन। अभियोग दावीबाट सफाई पाउनुपर्छ भन्नेसमेत बेहोराको विज्याईकर्ता परिवर्तित नाम २०(च)१९४ ले सुरु अदालतमा गरेको बयान।

१५. विज्याईकर्ता परिवर्तित नाम २०(च) १९४ लाई वालवालिका सम्बन्धी ऐन, २०७५ बमोजिम तारेखमा राखू। अभियोग पत्रसाथ दशीको रुपमा बरामद भई आएको नगदलाई धरौटीमा बाँधी जिन्सी समानहरु जिन्सी दायरीमा दर्ता गर्नु भन्ने समेत बेहोराको थुनछेक आदेश।

१६. उक्त आदेशानुसार विज्याईकर्ता परिवर्तित नाम २०(च)१९४ तारेखमा रहेकोमा मिति २०७७।१।२० देखि तारेख गुजारी बसेको।

१७. प्रस्तुत मुद्दामा दशीको रुपमा दाखिल हुन आएको नगद र जिन्सी समानहरुमध्ये सुन जस्तो देखिने कानको टप १ जोर थान -२, सुन जस्तो देखिने सानो हनुमानी थान १, सुन जस्तो देखिने नाकको फुली थान-१, चाँदी जस्तो देखिने पाउजु ३ जोर थान-६, चाँदी जस्तो देखिने बिछिया-१ जोर थान-२, चाँदीको चन्द्रमा थान-१, ब्ल्याक बेरी कम्पनीको कालो रंगको स्क्रिन टच मोवाईल थान-१ लेडिज घडी थान-१, सुन जस्तो देखिने मंगलसूत्र माला थान-१, टिनको बाक्सा थान-१ र सो भित्र रहेको रातो रंगको साडी सेट-१, हारियो रंगको साडी सेट-१, रातो रंगको पेटीकोट र भिमल लेखिएको ब्लाउज कपड़ा पिस १, नेपाली रु.५००।- को नोट थान-१ मेरो हो। उक्त नगद रकम र जिन्सी समान फिर्ता पाउँ। प्रतिवादीहरुले मेरो उक्त नगद तथा जिन्सी समानहरु डाँका गरेको हुँदा निजहरुलाई डाँका कसूरमा सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको जाहेरवाला शैलेन्द्र कुमार साहले सुरु अदालतमा गरेको सनाखत बयान।

१८. प्रस्तुत मुद्दामा दशीको रुपमा दाखिल हुन आएको नगद र जिन्सी समानहरुमध्ये नेपाली रु.१००।- को नोट थान २, रु.५०।को नोट थान-३, रु.२०।- को नोट थान-१३१, रु.१०।- को नोट थान- १०० मेरो हो। अन्य नगद रकम जाहेरवाला मुकेश शर्माको हो। मेरो नगद रकम फिर्ता पाउँ। प्रतिवादीहरुले मेरो उक्त नगद डाँका गरेको हुँदा निजहरुलाई डाँका कसूरमा सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको जाहेरवाला अनिल कुमार यादवले सुरु अदालतमा गरेको सनाखत बयान।

१९. जाहेरवालाले सनाखत बयानमा उल्लेख गरेको नगद र जिन्सी धनमाल सुरु अदालतको आदेशले फिर्ता लगेको।

२०. प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भईसकेको हुँदा अभियोगपत्रको प्रमाण खण्डमा उल्लेखित जाहेरवाला, घटनास्थल मुचुल्का, बरामदी मुचुल्का र घटनाविवरण कागज गर्ने मानिसहरूलाई वकपत्र प्रयोजनको लागि वाल ईजलासको पुरानो मुद्दा भएको हुँदा १५ (पन्ध्र) दिनभित्र जिल्ला सरकारी वकिल कार्यालय, धनुषा मार्फत अनिवार्य उपस्थित गराई

दिनु भनी जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई लेखी पठाउनू। साक्षी उपस्थित भए बकपत्रको कार्य सम्पन्न गरी नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको आदेश।

२१. वाल विज्याईकर्ताले मौकामा कसूर स्वीकार गरी अदालतको वयानमासमेत चोरीको समयमा आफू बाटोमा मानिस हेरी बसेको हो भनी लेखाएको देखिएको र निजको साथबाट चोरीको दशी बरामद भई जाहेरवालाले सनाखत वयान गरी फिर्ता लगेको देखिँदा परिवर्तित नाम २०(च) १९४ ले मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(१) विपरीत उपदफा (२) बमोजिमको कसूर गरेको ठहर्छ। नपुग विगोसमेत भराई डाँकाको कसूर कायम गरी पाउँ भन्ने हदसम्मको नेपाल सरकारको अभियोग दावी पुग्दैन। सो ठहर्नाले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२ बमोजिम दुबै पक्षबाट सजाय पूर्वको प्रतिवेदन दफा ८ र ९ बमोजिम ३० दिनभित्र सजाय निर्धारण सम्बन्धी सुनुवाईका लागि पेश गर्नू भन्नेसमेत बेहोराको मिति २०८०।९।३।३ को कसूर ठहर।

२२. कानूनको विवादमा परेका वालक परिवर्तित नाम २०(च) १९४ ले मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(१) विपरीत (२) बमोजिम कसूर गरेको हुँदा निजले चोरी गर्दाको परिस्थिति र विगोसमेतका आधारमा उमेर पुगेकालाई सोही दफा २४३(३) बमोजिम ३ वर्ष कैद र रु.३०,०००।- जरिवाना हुनेमा बालकलाई वालवालिका सम्बन्धी ऐन,२०७५ को दफा ३६(३) बमोजिम १ वर्ष ६ महिना कैद र रु.१५,०००।-जरिवाना तथा अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(२) बमोजिम रु.६००।-क्षतिपूर्ति शुल्क बुझाउनु पर्नेमा निज बालक वाल निगरानी कक्षमा बसेको २० दिन कैद कट्टा हुने गरी बाँकी कैद अवधि वालमनोविज्ञ तथा समाजसेवीको राय प्रतिवेदन तथा वालकको सर्वोत्तम हितसमेतलाई दृष्टिगत गरी संझाई बुझाई गर्ने र भविष्यमा कसूरजन्य कार्य नगर्ने गरी कैद सजाय सोही ऐनको दफा ३६(५) बमोजिम र बालवालिकालाई जरिवाना तथा क्षतिपूर्ति शुल्क आर्थिक दण्ड नहुने हुँदा स्थगन गरिदिएको छ। साथै वरामद भएको विगोको सामानहरु सम्बन्धित जाहेरवालाहरुलाई ततसत सामानहरु सोही संहिताको दफा २४७ बमोजिम फिर्ता बुझाई पाउने ठहर्छ भन्ने समेत ब्यहोराको सुरु जिल्ला अदालतबाट भएको फैसला।

२३. कानूनको विवादमा परेका बालक परिवर्तित नाम २०(च)१९४ ले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा संजय कुमार साह र लियाकत भन्ने इल्याकत राईन समेत हामी तिनै जना मिली चोरी गर्न गाई ईल्याकत र संजयले सटर तोडी घरमा भएको नगद गरगहना तथा अन्य-समानहरु चोरी गरेको भनी बयान गरेको समेतबाट उक्त वारदातमा अरु प्रतिवादीहरुको पनि संलग्नता पुष्टि हुन्छ। जाहेरवालाहरुले जाहेरीमा उल्लेख गरेको बरामद हुन नसकेको जाहेरवालाहरुको चोरी भएको नगद र जिन्सी समेतका सामानहरु कानुनको विवादमा परेका बालक समेतबाट जाहेरवालाहरुलाई दिलाई भराई दिन समेतको मागदावी लिएकोमा सो सम्बन्धमा दाबी पुग्ने वा नपुगे केही नबोली फैसला भएको हुँदा विवादमा परेका बाल परिवर्तित नाम २०(च)१९४ समेतले

डाँकाको रितले जाहेरवालाहरुको पसल र घर फोरी चोरी गरेको देखिदा देखिदै प्रस्तुत वारदातलाई नकबजनी चोरीतर्फ परिवर्तन गरी नपुग बिगो सम्बन्धमा केही नबोली भएको सुरु धनुषा जिल्ला अदालतको त्रुटिपुर्ण फैसला सोहदसम्म उल्टि गरी अभियोग दावी बमोजिम हुन सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनपत्र।

**ठहर खण्ड**

२४. नियमानुसार साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पर्न आएको पुनरावेदनपत्र सहितको सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय जनकपुरका विद्वान सहायक न्यायाधिवक्ता धर्मेन्द्र दासले कानूनको विवादमा परेका बालक परिवर्तित नाम २० (च) १९४ले अभियोग दावी बमोजिमको कसूर गरेको भन्ने बिज्याईकर्ताको वयान, खाततलासी तथा बरामदी मुचुल्का, जाहेरवालाको अदालत समक्षको बकपत्र समेतका प्रमाणहरुबाट पुष्टि भएको अवस्थामा कानूनको विवादमा परेका बालक परिवर्तित नाम २०(च)१९४ लाई अभियोग माग दावी भन्दा घटी सजाय हुने गरी सुरू अदालतबाट भएको फैसला नमिलेकोले सो फैसला वदर गरी प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस जिकिर समेत सुनियो।

२५. उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान सहायक न्यायाधिवक्ताको बहस सुनी शुरु जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने प्रश्नहरुमा केन्द्रित भई निर्णय दिनु पर्ने देखियो।

२६. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी परिवर्तित नाम २०(च)१९४ लाई मुलुकी अपराध संहिता २०७४ को दफा २४४ को उपदफा (१) र (२) को (घ) बमोजिमको कसूर अपराधमा सोही संहिताको दफा २४४(३)(ख) बमोजिम हुने सजायमा बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ३६(३) बमोजिम सजाय गरी पाउन र जाहेरवालाहरुले सनाखत गरेको बरामदी मुचुल्कामा उल्लेखित नगद तथा धनमालहरु दफा २४७ बमोजिम सम्बन्धित जाहेरवालाहरु शैलेन्द्र कुमार साह, अनिल कुमार यादव र मुकेश कुमार शर्मालाई दिलाई भराई नपुग विगोसमेत प्रतिवादीहरुबाट सम्बन्धित जाहेरवालाहरुलाई दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोगपत्र रहेको देखिन्छ। विज्याइकर्ताले मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(१) विपरीत (२) बमोजिम कसूर गरेकोमा निजलाई उमेर पुगेकालाई सोही दफा २४३(३) बमोजिम ३ वर्ष कैद र रु.३०,०००।- जरिवाना हुनेमा बालकलाई वालवालिका सम्बन्धी ऐन,२०७५ को दफा ३६(३) बमोजिम १ वर्ष ६ महिना कैद र रु.१५,०००।- जरिवाना हुने र बालकले निगरानी कक्षमा बसेको २० दिन कैद कट्टा हुने गरी वाँकी कैद अवधि वालमनोविज्ञ तथा समाजसेवीको राय प्रतिवेदन तथा वालकको सर्वोत्तम हितसमेतलाई दृष्टिगत गरी संझाई बुझाई गर्ने संझाई बुझाई गर्ने र भविष्यमा कसूरजन्य

कार्य नगर्ने गरी कैद सजाय सोही ऐनको दफा ३६(५) बमोजिम स्थगन गर्ने गरी सुरू अदालतबाट फैसला भएकोमा सोमा चित्त नबुझाई वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन परेको देखियो।

२७. सुरू अदालतबाट इलियाकत राईन र संजय समेतका अन्य बालिग सहप्रतिवादीहरूको हकमा मुलतवीमा रही वालविज्याइकर्तालाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(१) र (२) को नकबजनी चोरीको कसूर कायम गरी सजाय गरी सो सजाय स्थगन गरेउपर बालविज्याईकर्ताले चित्त बुझाई पुनरावेदन नगरेकोले समग्र अभियोग दावीका सम्बन्धमा बिचार नगरी वालविज्याइकर्ताउपर परेको वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा सम्म सुरू फैसला मिले नमिलेको बिषयमा विवेचना गरी निर्णय गर्नुपर्ने अवस्था देखियो।

२८. वालविज्याइकर्ता समेत तीन जनाभन्दा बढीको जमात भई चोरी गरेकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ बमोजिम डाँकाको कसूर गरेकोमा उक्त वारदातलाई नकबजनी चोरीमा परिवर्तन गरी सजाय गरेको मिलेको छैन भन्ने वादी नेपाल सरकारको पहिलो पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा अन्य सहप्रतिवादीहरूसँगको सल्लाहबमोजिम शैलेन्द्रकुमार साहको घरबाट नगद तथा सुनचादी चोरी गरी भाग्दै गरेको अवस्थामा वालविज्याइकर्ता मात्र पक्राउ परेको भन्ने वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन र जाहेरी दरखास्तबाट देखिन्छ। अन्य सहप्रतिवादीहरूले कोल्ड स्टोरको ताल्चा फुटाई दिएपछि म भित्र प्रवेश गरी नगदसमेत लिई हिड्ने क्रममा सम्बन्धित धनीले थाहा पाई लखेटदै जाँदा पक्राउ परेको हो भन्ने वाल विज्याइकर्ताको अनुसन्धानको बयान देखिए तापनि अदालतको बयानमा सहप्रतिवादीहरू इलियाकत र संजयले चोरी गरेको र आफूले बाहिर हेरी बसेको भनी उल्लेख गरेको देखियो। यसरी अदालतको बयानमा समेत बालिग सहप्रतिवादीहरूसँगको सल्लाहबमोजिम वारदातस्थलमा पुगी बाहिर बसी हेरी रहेको भन्ने तथ्यलाई स्वीकार गरी बयान गरेबाट चोरीको कसूरमा निजको संलग्नता रहेको पुष्टि हुन आयो।

२९. अब अभियोग दावी तथा पुनरावेदन जिकिरबमोजिम उक्त वारदात डाँकाको हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा अन्य बालिग सहप्रतिवादीहरू फरार रही निजहरूको हकमा मुलतवीमा रही हाल बाल विज्याइकर्ताको हकमा मात्र चोरीको वारदातमा संलग्नता पुष्टि भएको छ।फरार प्रतिवादीहरूको हकमा कसूर स्थापित नहुँदै बालविज्याइकर्ता एक्लैले मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ बमोजिम डाँकाको कसूर गरेको भन्न मिल्ने देखिएन।यसर्थ निजको हकमा डाँकाको वारदात पुष्टि नभएपछि विज्याइकर्ताको बयान र वारदातको प्रकृति समेतलाई विचार गर्दा निजको हकमा नकवजनी चोरीको कसूरसम्म कायम गरी सजाय गरी वालवालिकाको सर्वोत्तम हित समेतलाई मध्यनजर गरी भएको सजाय स्थगन गरेको सुरू फैसला अन्यथा देखिएन।

३०. यस्तै विज्याइकर्ताबाट जाहेरवालाहरूको चोरी भएको नगद र जिन्सी समेतका सामानहरू दिलाई भराइ पाउँ भन्ने अभियोग दावी भएकोमा सो सम्बन्धमा केही नबोली भएको सुरू

फैसला त्रुटिपूर्ण रहेको भन्ने वादीको अर्को पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा विज्याइकर्ता वारदातस्थलमै पक्राउ परेको र निजले चोरी गरेको नगदी तथा जिन्सी सामानहरू तत्काल निजबाट वरामद गरिएको बरामदी तथा खानतालासी मुचुल्का समेतबाट देखिन्छ। विज्याइकर्ताले चोरी गरी निजको साथबाट वरामद भएका नगद तथा जिन्सी सामानहरू अभियोगपत्रसाथ पेस भएकोमा पछि सम्बन्धित धनीले सुरू अदालतबाट बुझी लगिसकेको भन्ने देखियो। सो बाहेकका चोरीको अन्य नगद तथा जिन्सी सामानहरू विज्याइकर्तासँग रहेको वा निजले मासी खाएको वा लुकाएको वा अन्यलाई दिएको भन्ने अवस्था नदेखिदा निजबाट नपुग बिगो भराउनु पर्ने अवस्था नदेखिदा सो सम्बन्धमा पनि सुरू फैसला अन्यथा देखिएन।

३१. अतः माथि उल्लिखित कारण र प्रमाण समेतका आधारमा कानूनको विवादमा परेका बालक परिवर्तित २०(च)१९४लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४३ को कसूरमा १ वर्ष ६ महिना कैद र रु.१५,०००।—(पन्ध्र हजार रुपैयाँ) जरिवाना ठहरी सुरु धनुषा जिल्ला अदालतबाट मिति २०८०।१०।१८ मा भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

- प्रस्तुत फैसलाको प्रतिलिपि सहितको जानकारी उच्च सरकारी वकील कार्यालय जनकपुरलाई दिनू..........................................................................१
- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू......................२
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गर्नू.......................................३
- दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू......................४

(श्रीकान्त पौडेल)
**मुख्य न्यायाधीश**

उक्त रायमा सहमत छु।

(ओम प्रसाद अर्याल)
**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने :***

इजलास अधिकृतः सुनिल कुमार चौहान

टाईप गर्नेः चाँदनी शर्मा

इति सम्वत् २०८१ साल माघ ०४ गते रोज ४ शुभम् ..............................................।

प्रमाणीकरण मिति : २०८१।१०।